**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ**

**माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.**

०७१-WO-०९६१

विषयः उत्प्रेषणयुक्त परमादेश।

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० थापागाउँ नयाँ वानेश्वर कार्यालय रहेको उपभोक्ता हित संरक्षण मञ्च-नेपालको तर्फवाट अधिकार प्राप्त भै आफ्नो हकमा समेत निवेदन दर्ता गर्ने जुम्ला जिल्ला चन्दननाथ न.पा.वडा नं.४ वस्ने अधिवक्ता विष्णु प्रसाद तिमिल्सिना ------------------------------------------१ निवेदक

ऐ.को अधिकार प्राप्त रुपन्देही जिल्ला तलोत्तमा न.पा.२० घर भै हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ वस्ने युवराज भुषाल --------------१

**विरुद्ध**

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्तपाल, महावौद्ध, काठमाडौं ---------------१

औषधि व्यवस्था विभाग, विजुलीवजार, काठमाडौं ------------------------------------१

स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं ---------------------------------------------१

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं -------------------------१

वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग ववरहमल, काठमाडौं -------------------१

केन्द्रीय अनुगमन तथा मुल्याँकन समिति, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौं --------------------------------------------------------१ विपक्षी

संयुक्त वजार अनुगमन संयन्त्र, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, सिंहदरवार, काठमाडौं --------------------------------------------------------------------१

नेपाल फार्मेसी परिषद, विजुलीवजार, काठमाडौं ------------------------------------१

जिल्ला प्रशासन कार्यालय, काठमाडौं -----------------------------------------------१

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, काठमाडौं ---------------------------१

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौं ----------------१

नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ :-

रिट निवेदनको व्यवहोरा

उपभोक्ता हित संरक्षण मञ्च नेपाल २०५१ सालमा स्थापित भै उपभोक्ता हित संरक्षण कार्यमा संलग्न सामाजिक संस्था हो भैने मञ्चको अधिकार प्राप्त गरी आफ्नो हकमा समेत निवेदन गर्ने म रिट निवेदक विष्णु प्रसाद तिमिल्सिना उक्त मञ्चको केन्द्रिय सचिव पदको जिम्मेवारीमा रहेको कानून व्यवसायी हुँ। त्यसैगरी म निवेदक युवराज भुषाल औषधी विज्ञको रुपमा औषधीको क्षेत्रमा उपभोक्ताको अधिकार संरक्षणको लागी क्रियाशिल सचेत नागरिक हुँ।

विपक्षी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अस्पताल(यस पछि विर अस्पताल भनिएको)ले मिति २०७२।२।७ मा सुचना प्रकाशित गरी सटर नं १ देखी १४ का सटर र ओपिडी भवन तलको कोठा १ सहित १५ वटा कोठाहरुलाई भाडामा दिने सम्बन्धी सुचना प्रकाशित गरी सुचनाको शर्त नं २ मा औषधी पसल सञ्चालन गर्न वोलपत्रदाताले पालना गर्नुपर्ने शर्त उल्लेख गरी विपक्षी अस्पतालको परिसर भित्र निजी औषधी पसलहरु सञ्चालन गराउनको लागी प्रतिष्पर्धा गराएको छ। यसरी अस्पताल परिसर भित्र अत्याधिक भाडादर कायम गरी औषधी पसल सञ्चालन गर्न बोलपत्र आब्हान गरेबाट अस्पताल आफुले औषधी पसल सञ्चालन नगर्ने र निजि औषधी पसलहरुलाई अस्पताल परिसर भित्र प्रवेश गराई औषधीको मुल्यमा अत्याधिक चर्को मुल्य असुल्न औषधी विक्रेताहरुलाई प्रोत्साहन गरी उपभोक्तालाई औषधीमा खुलेआम ठगी गराउने र सोबाट आफुले समेत नाजायज फाइदा लिने उद्देश्य लिएको देखिन्छ। विर अस्पताल जस्तो सार्वजनिक संस्थाले कानून बमोजिम तोकिएको दायित्व निर्वाह नगरी अस्पताललाई प्राप्त अधिकार भन्दा बाहिर गई गरेको बोलपत्र आव्हानको सुचना सम्बन्धी भएका निर्णय तथा कामकारवाही वदर गरी विपक्षी विर अस्पताल लगायत नेपालमा सञ्चालिन अस्पतालहरुलाई अस्पताल हाताभित्र अस्पताल आफैले औषधी पसल सञ्चालन गर्नुपर्ने कानूनी प्रावधान प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउनको लागी प्रस्तुत रिट निवेदन लिएर उपस्थित भएका छौं।

फार्मेसी सेवा अस्पतालको अभिन्न अङ्ग भएकोले औषधीमा उपभोक्ताहरु नठगिउन र उपचार सहज होस् भन्ने उद्देश्यले राष्ट्रिय स्वास्थ्य नीति २०७१ को बुँदा १.१४ मा अस्पतालहरुले आफ्नै स्वामित्वको फार्मेसी मार्फत् फार्मेसी सेवा दिने व्यवस्था मिलाइने

व्यवस्था रहेको छ भने प्रशासन सुधार सुझाव प्रतिवेदनमा अस्पतालले फार्मेसी आफै चलाउनु पर्छ भनी उल्लेख भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७०।७।२५ मा जारी भएको च.नं.२/५१७ को परिपत्रमा स्वास्थ्य संस्थाले नै फार्मेसी सञ्चालन गर्नुपर्ने भनी उल्लेख भएको छ भने अस्पताल फार्मेसी निर्देशिका २०७० को प्रस्तावना तथा बुँदा नं १० मा बजार मुल्य भन्दा अस्पतालले बिक्री गर्ने मुल्य कम हुनुपर्छ भन्ने व्यवस्था रहेको छ। त्यसैगरी स्वास्थ्य संस्था स्थापना स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० दफा १६(९) बमोजिम अस्पताल हाता भित्र फार्मेसी सेवाको व्यवस्था अस्पताल निर्देशिका,२०७० बमोजिम गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ। उल्लेखित कानूनी व्यवस्था भएको भएतापनि विपक्षी विर अस्पतालले हालसम्म फार्मेसी सेवा सञ्चालन नगरी आफ्नो अस्पताल हाताभित्र विभिन्न निजी क्षेत्रका औषधी व्यवसायीहरुलाई चर्को मुल्यमा अस्पतालका सटर तथा कोठाहरु भाडामा दिदै आएको छ। चर्को भाडादर कायम गरी बोलपत्र आव्हानबाट विपक्षी अस्पतालको कोष बृद्धी भै अस्पतालाई फाइदा पुग्ने भएतापनि अस्पतालले कानूनद्धारा निर्धारित फार्मेसी सञ्चालन सम्बन्धी दायित्व पुरा नगरेको र निजी क्षेत्रका औषधी व्यवसायीहरुलाई आफ्नै अस्पताल हाताभित्र औषधी पसल सञ्चालन गराई उपभोक्तामाथी ठगी गर्न आमन्त्रण गरेको हुँदा विर अस्पतालले मिति २०७२।२।७ मा प्रकाशित गरेको सुचना कानूनतः त्रुटिपुर्ण र उपभोक्ताको हित प्रतिकुल भएकोले उक्त सुचना र सोको आधारमा परेका आवेदन समेत वदर हुनुपर्छ।

निवेदकहरुबाट भएको स्थलगत अध्ययन तथा सर्वेक्षणबाट विपक्षी विर अस्पतालको परिसर भित्र ओपिडी भवन तल निजी क्षेत्रबाट सञ्चालित थापाथली फार्मेसी र मनमोहन कार्डियोथेरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्टेसन सेन्टर महाराजगंज अस्पताल हाताभित्र आफैले सञ्चालन गरेको फार्मेसीले विक्रि गरेको औषधीको मुल्य तुलना गर्दा निम्न प्रकारको अन्तर पाइएको छ।

| S. N. | Medicine Generic Name | Brand Name | Bir Hospital | Manmohan Hospital | Difference | Difference % |
|---|---|---|---|---|---|---|
| 1 | Pantoprazole 40mg | Panzol 40 | 9.00 | 5.45 | 3.55 | 65.1 |
| 2 | Amoxy+Clavulunic acid | Super CV 635 | 33.00 | 23.00 | 10.00 | 43.5 |
| 3 | Disposable syringe 3ml | Lifeline 3ml | 5.00 | 2.77 | 2.23 | 80.5 |
| 4 | Disposable syringe | Lifeline | 5.00 | 3.43 | 1.57 | 45.8 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | 5ml | 5ml | | | | |
| 5 | Disposable syringe 10ml | Lifeline 10ml | 10.00 | 5.41 | 4.59 | 84.8 |
| 6 | Disposable syringe 20ml | Lifeline 20ml | 20.00 | 13.51 | 6.49 | 48.0 |
| 7 | Disposable syringe 50ml | Lifeline 50ml | 50.00 | 27.03 | 22.97 | 85.0 |
| 8 | Methylcobalamine | Micomin S | 18.00 | 10.26 | 7.74 | 75.4 |
| 9 | Rosuvastatin 20mg | Rovastin 20 | 27.00 | 16.00 | 11.00 | 68.8 |
| 10 | Vancomycin inj 500mg | Vanking 500 | 588.00 | 401.15 | 186.85 | 46.6 |
| 11 | Cloxacillin inj 500mg | Bioclox 500 | 33.00 | 24.15 | 8.85 | 36.6 |
| 12 | Amlodepine+Atenolol | Amlod AT | 7.50 | 4.09 | 3.41 | 83.4 |
| 13 | Amlodepine 10mg | Mylod 10 | 6.00 | 3.73 | 2.27 | 60.9 |
| 14 | Amlod+Losartan | Amlod L | 11.50 | 6.31 | 5.19 | 82.3 |
| 15 | Atorvastain 10mg | Atortin 10 | 13.00 | 6.79 | 6.21 | 91.5 |
| 16 | Losartan 25mg | Resert 25 | 6.00 | 3.20 | 2.80 | 87.5 |

यसरी निजी फार्मेसी र अस्पतालबाट सञ्चालन हुने फार्मेसीले विक्रि गर्ने औषधीको मुल्यमा ९१.५% सम्म अन्तर रहने उल्लेखित तथ्यबाट प्रस्ट छ। औषधी जस्तो संवेदनशिल वस्तुमा यस प्रकारको अन्तरको मनपरी हुनुले निजी क्षेत्रका औषधी व्यवसायीहरुबाट उपभोक्ता माथी व्यापक ठगी भैरहेको प्रस्ट हुन्छ। विपक्षी विर अस्पतालले फार्मेसी सेवा सञ्चालन गर्न भनी फर्निचर कम्प्युटर सहित अन्य आवश्यक पुर्वाधारका लागी खर्च गरिसकेको अवस्था छ। आफुले फार्मेसी सञ्चालन गर्न पुर्वाधार तयार गरिसकेको अवस्थामा हाल टेन्डर गर्नुपर्ने कारण समेत विपक्षीसँग छैन। यसबाट विपक्षी वीर अस्पताल आफ्नो विरामीलाई आवश्यक औषधीको आपुर्ती, गुणस्तर र मुल्यमा सहज सुलभ बनाई कानूनद्धारा निर्धारित फार्मेसी सेवाको दायित्व पुरा गर्ने तर्फ पुर्णतः उदासिन देखिएकोमा सो तथ्य उपर विपक्षी नियमनकारी निकायबाट समेत हालसम्म अनुगमन र मुल्याङ्कन भएको छैन। अस्पताल आफैले फार्मेसी सेवा सञ्चालन नगर्ने विपक्षी विर अस्पताल एक उदाहरण मात्र हो। निवेदकबाट भएको

स्थलगत अवलोकन तथा सर्वेक्षण अध्ययनले वीर अस्पताल लगायत अधिकांश अस्पतालहरुले आफ्नो फार्मेसी सेवा सञ्चालन नगरी कुनै न कुनै वहानामा अस्पताल हाताभित्र निजी क्षेत्रका औषधी व्यवसायीहरुबाट औषधी पसल सञ्चालन गर्न दिइएको पाइएको छ।

नेपाल सरकारले ७० प्रकारका औषधीहरु निशुल्क वितरण गर्ने घोषणा गरेको छ। तर विपक्षी अस्पताल लगायतका आफ्नो फार्मेसी सञ्चालन नगर्ने अधिकांश अस्पतालहरुले उक्त सुविधा नदिई निशुल्क औषधी सेवाबाट वञ्चित गरिरहेको अवस्था समेत रहेको छ। यसबाट गरिव जनता निशुल्क स्वास्थ्य सेवा अन्तर्गत सरकारबाट व्यवस्था गरेको निशुल्क औषधी सम्बन्धी सुविधा अस्पतालबाट पाउन समेत वञ्चित हुनुपरेको र निशुल्क रुपमा प्राप्त गर्नुपर्ने औषधी समेत चर्को मुल्यमा खरिद गर्नुपर्ने बाध्यता रहेको छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २५(१) मा प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य कल्याणको लागी औषधी उपचारको सेवा सुविधा पाउने अधिकारको व्यवस्था भएको छ भने संयुक्त राष्ट्रसंघले जारी गरेको उपभोक्ता संरक्षण सम्बन्धी दिग्दर्शन १९८५ मा व्यवस्थित उपभोक्ताको अधिकार सम्बन्धी व्यवस्था रहेको छ। त्यसैगरी सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र १९६६ तथा सोको सन् २००० मा भएको टिप्पणी नं १४ मा शरिर र स्वास्थ्य नियन्त्रणको अधिकार र स्वास्थ्य रक्षा प्रणालीको सुनिश्चितताको अधिकार हुने गरी व्यवस्था गरी सो अधिकारलाई राज्यबाट लागु गरेको वा नगरेको सोको अनुगमन गर्नुपर्ने व्यवस्था गरेको छ। विश्व स्वास्थ्य संगठनबाट सन् २०११ मा जारी कुशल फार्मेसी अभ्यास मार्गदर्शनमा फार्मेसी सेवालाई अस्पतालको अभिन्न अङ्गको रुपमा स्विकार गरिएको छ। नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ ले प्रत्येक व्यक्तिलाई सम्मानपुर्वक बाँच्न पाउने हक, धारा १३ ले समानताको हक, धारा १९ ले सम्पत्तीको हक, धारा २० ले महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी हक तथा धारा २२ ले बालबालिकाको स्वास्थ्य सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। त्यसैगरी देशको समुन्नत विकासको लागी स्वास्थ्य जस्तो आधारभुत कुरामा सर्वसाधारणको जिवनस्तर वृद्धी गर्ने राज्यको नीति हुने भनी व्यवस्था गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६(१) बमोजिम उपभोक्ताको सम्पत्तीमा हानी पुऱ्याउने गरी हुने सेवाको विक्रि वितरणबाट सुरक्षित हुन पाउने अधिकार तथा दफा ६(२) ले अनुचित व्यापारिक क्रियाकलापबाट हुने मुल्यबारे सुसुचित हुने तथा संरक्षित हुन पाउने अधिकार उपभोक्तालाई हुने व्यवस्था गरेको छ। विपक्षी नेपाल सरकारका जिम्मेवार निकायहरु विपक्षीहरुबाट कानून बमोजिम तोकिएको दायित्व निर्वाह नगरेको अवस्था प्रस्ट भएकोले

सोको अन्तिम अभिभावकिय दायित्व विपक्षी नेपाल सरकारको भएको र उपभोक्ताको मानव अधिकार संरक्षणको लागी आवश्यक सिफारिश र निर्देशन गर्नु विपक्षी राष्ट्रिय मानव अधिकार आयोगको भएकोमा विपक्षी जिम्मेवार निकायबाट कानून बमोजिम तोकिएको दायित्व पुरा नगरी अन्तराष्ट्रिय कानून, नेपालको अन्तरिम संविधान र प्रचलित कानूनहरुको गम्भिर उल्लघंन भएको छ। अतः विपक्षीहरुको नाममा निम्न बमोजिमको आदेश जारी गरि पाँउ।

- विपक्षी विर अस्पालले १ देखी १४ नं का सटर तथा ओपिडी तलको कोठा भाडामा दिने सम्बन्धी मिति २०७२।२।७ मा वोपत्र आव्हान सम्बन्धी सुचना प्रकाशित भएकोमा अस्पतालको उक्त सटर कोठाहरु औषधी पसल सञ्चालन गर्न दिने गरी प्रकाशित उक्त सुचना र उक्त सुचना बमोजिम औषधी पसल सञ्चालनका लागी आवेदन प्राप्त भएको भए प्राप्त आवेदनहरु तथा सो उपर भएका आदेश तथा सम्पुर्ण काम कारवाही उत्प्रेषणको आदेशबाट वदर गरी अस्पताल हाताभित्र निजी औषधी पसल सञ्चालन नगर्नु नगराउनु भनी प्रतिषेधयुक्त परमादेशको आदेश जारी गरी पाँउ।
- विपक्षी विर अस्पतालका सटर नं ३,४,५,६ र ओपिडिको तल औषधी पसल सञ्चालनका लागी भाडामा दिई हाल निजी औषधी पसलहरु सञ्चालन भैरहेकोले निजी औषधी पसल सञ्चालन गर्न दिने सम्बन्धी भएका यस अघिका सम्पुर्ण निर्णय तथा सम्झौताहरु उत्प्रेषणको आदेशबाट वदर गरी अस्पताल हाताभित्र निजी औषधी पसल सञ्चालन नगर्नु नगराउनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरि पाँउ।
- विपक्षी विर अस्पताललाई अस्पताल आफैले कानूनद्धारा तोकिएको मापदण्ड पुरा गरी फार्मेसी सेवा सञ्चालन गर्नु भनी परमादेश जारी गरी पाँउ।
- विपक्षी विर अस्पताल लगायत अधिकांश अस्पतालहरुमा अस्पतालले कानूनले तोके बमोजिम फार्मेसी सेवा सञ्चालन नगरिरहेकोले सवै अस्पतालहरुमा अस्पताल आफैले कानूनद्धारा निर्धारित मापदण्ड अनुसारको फार्मेसी सेवा आदेश प्राप्त भएको १ महिना भित्र सञ्चालन गराउनु भन्ने परमादेश र फार्मेसी सेवा सञ्चालन भएको वा नभएको, अस्पतालमा फार्मेसी सेवको मापदण्ड पालनाको अवस्था ,औषधीको आपुर्ती मुल्य र गुणस्तर अवस्थाको सम्बन्धमा आवश्यक अनुगमन, मुल्याङ्कन, नियमन गरी सोको प्रतिवेदन सर्वोच्च अदालतमा पठाउनु भनी २ देखी ११ नं सम्मका विपक्षीको नाममा परमादेशको आदेश जारी गरी पाँउ।
- सरकारबाट निशुल्क घोषणा गरिएका औषधीहरुको आपुर्ती सुनिश्चित गरी सवै अस्पतालहरुमा अस्पतालको फार्मेसीबाट निशुल्क वितरणको व्यवस्था मिलाउनु, निशुल्क

औषधी वितरण सम्बन्धी उपभोक्ताहरुलाई पर्याप्त शिक्षा र सुचना दिने व्यवस्था मिलाउनु, प्रत्येक अस्पतालमा गुनासो व्यवस्थापन डेस्कको स्थापना गराउनु र सोको प्रतिवेदन सर्वोच्च अदालतमा पठाउनु भनी विपक्षी औषधी व्यवस्था विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल सरकारको नाममा परमादेशको आदेश जारी गरी पाँउ।

- प्रस्तुत निवेदनको माग बमोजिम विपक्षी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, विर अस्पतालले सटर कोठा भाडा सम्बन्धी बोलपत्र आव्हान गरी मिति २०७२।२।७ मा ३० दिने सुचना प्रकाशित गरी सटर नं १ देखी १४ नं सटर र ओपिडि भवन तलको कोठा १ सहित १५ वटा कोठाहरुलाई औषधी पसलका लागी भाडामा दिने लक्ष्य राखेको छ। उक्त सुचना र सो सुचनाको आधारमा परेका आवेदन उपर कुनै निर्णय गरेको भए सो समेतको सुचना सम्बन्धी सम्पुर्ण काम कारवाही कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षी नं १ का नाँउमा र सवै अस्पतालहरुमा अस्पतालबाट फार्मेसी सेवा सञ्चालन गराई सरकारबाट घोषित निशुल्क औषधी सबै अस्पतालहरुबाट वितरणको व्यवस्था गर्नु गराउनु र सोको जानकारी सर्वोच्च अदालतलाई गराउनु भन्ने विपक्षी नं ३, ४ र ११ नं को नाँउमा अन्तरिमा आदेश समेत जारी गरी अविलम्व सुनुवाई गरि माग बमोजिम उत्प्रेषण परमादेशको आदेश जारी गरी न्याय निरुपण गरि पाँउ भन्ने व्यवहोराको रिट निवेदन।

**यस अदालतबाट भएको आदेश**

निवेदकको माग बमोजिमको आदेश जारी गर्नु नपर्ने आधार र कारण भएमा बाटोको म्याद बाहेक १५ दिन भित्र विपक्षी नं २,३,४,५,६,७,९,१० र ११ को हकमा महान्यायधीवक्ताको कार्यालय मार्फत् र अन्य विपक्षीको हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी मार्फत् लिखित जवाफ पेश गर्नु भनी रिट निवेदनको नक्कल साथै राखी विपक्षीहरुलाई सूचना पठाई सोको वोधार्थ महान्यान्याधीवक्ताको कार्यालयलाई दिई लिखित जवाफ परेपछि वा अवधी नाघेपछि नियम बमोजिम पेश गर्नु। अन्तरिम आदेशका सम्बन्धमा विपक्षीहरु समेतलाई राखी छलफल हुनु उपयुक्त देखिदा छलफलको लागि मिति २०७२।३।१३ को पेशी तोकी विपक्षीहरुलाई सूचना दिई नियमानुसार पेश गर्नु।

**विपक्षी वाणिज्य तथा आपुर्ती मन्त्रालयको लिखित जवाफ**

यस मन्त्रालय अन्तर्गत रहेको वाणिज्य तथा आपूर्ती व्यवस्थापन विभाग लगायत अन्य विभिन्न संस्थानहरुले पनि प्रचलित कानूनको अधिनमा रही आ-आफ्नो क्षेत्रबाट कार्य गर्दै आएको अवस्था रहेको र कानून बमोजिमको कार्य गर्न मन्त्रालयले विभिन्न समयमा निर्देशन

पनि दिएको अवस्था रहेको छ। यस सम्बन्धी कार्यलाई अझ व्यवस्थित र नियमित गर्ने अभिप्रायले यस मन्त्रालयको पहलमा विभिन्न आदेश,निर्देशिका तथा नीति जारी भई लागू भएको अवस्था पनि रहेको छ। यसै अनुरुप अवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन,२०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी एल.पि. ग्याँसको रातो र नीलो रङको सिलिण्डरको प्रयोग र वितरण सम्बन्धी आदेश,२०६९ लागू भै उपभोक्तालाई सरल तथा सहज रुपमा ग्याँसको आपूर्ती गर्ने व्यवस्था मिलाइएको छ भने संयुक्त बजार अनुगमन निर्देशिका,२०६९ तथा आपूर्ती नीति, २०६९ को तर्जुमा गरी अपूर्ती व्यवस्थालाई सहज पार्ने कार्यमा सम्बद्ध भै कार्य गर्दै आएको अवस्थामा रिट निवेदकले यस मन्त्रालय समेतलाई विपक्षी बनाई तयार गरेको रिट निवेदनमा लिएको जिकिर विधि सम्मत तथा तर्क संगत नदेखिएकोले रिट निवेदन खारेज भागी छ।खारेज गरी पाँउ।

**विपक्षी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको लिखित जवाफ**

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल नेपालको केन्द्रिय अस्पताल भएको, यहाँ चिकित्सा शास्त्रको स्नातकोत्तर MD/MS/MDS तथा DM/MCH का विभिन्न विषयहरुको अध्ययन अध्यापन हुने संस्था भएकोले नेपाल सरकार मन्त्री परिषदको मिति २०७१।५।१३ र विभागीय मन्त्रीबाट मिति २०७१।५।११ गतेको निर्णय अुनसार .... "आ.व. २०६४।६५ देखी उपस्वास्थ्य चौकी, स्वास्थ्य चौकीहरु, प्राथमिक स्वास्थ्य केन्द्रवाट अत्यावश्यक निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिदै आएकोमा यस कार्यलाई विस्तार गर्दै २५ शैया सम्मका जिल्ला अस्पतालबाट ४० प्रकारका औषधीहरु उपलब्ध गराई आईरहेको ...." भन्ने कुरा सर्वविदित्तै छ। अतः यस चि.वि.रा. प्रतिष्ठान वीर अस्पताललाई उक्त औषधिहरु उपलब्ध नभएको र वीर अस्पतालको सेवा भनेको विशेषज्ञ सेवा भएकोले उक्त रिट निवेदन स्वतः खारेजभागी छ। यस प्रतिष्ठानले मिति २०६९ सालमा नै चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल फार्मेसी सेवा सञ्चालन निर्देशिका २०६९ मस्यौदा समेत तयार पारी यस अस्पताल हाताभित्र आफ्नै फार्मेसी सेवा २४ सै घण्टा सञ्चालन गर्न आवश्यक जनशक्ति समेत सेवा करारमा लिने सम्बन्धी कार्य पुरा भैसकेको र Seed Money (औषधि खरिद गर्ने रकम) नभएको कारणले फार्मेसी सञ्चालन गर्न नसकिएको र चि.वि.रा. प्रतिष्ठान वीर अस्पताल परिसर भित्र सञ्चालन गर्न नसकिएको हो। प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ।

**विपक्षी राष्ट्रिय मानव अधिकार आयोगको लिखित जवाफ**

राष्ट्रिय मानव अधिकार आयोग नागरिकको स्वास्थ्यको अधिकार र उपभोक्ताका मानव अधिकारहरुको सुनिश्चितताका लागि सदैव प्रयासरत रहेको छ। यस आयोगले उपभोक्ताको

मानवअधिकार संरक्षण तथा सम्वर्द्धनको लागि अनुगमन मार्ग– निर्देशिका, २०६८ जारी गरेको छ। नेपाल सरकारबाट निःशुल्क रुपमा वितरण गर्ने भनी घोषित गरिएका औषधीहरु अस्पतालहरुबाट वितरण भए-नभएको सम्बन्धमा यस आयोगबाट नियमित रुपमा अनुगमन गर्ने कार्य भई आएको छ। आयोगले गत बैशाख महिनाको विनाशकारी भूकम्प पश्चात र त्यस अघि गरेको विभिन्न जिल्लाको मानव अधिकार अवस्थाको अनुगमनको क्रममा समेत सरकारले निःशुल्क वितण गर्ने भनिएका औषधीहरु निःशुल्क वितरणका लागि पर्याप्त सुधार हुनुपर्ने तथा औषधी भण्डारको अवस्था समेत व्यवस्थित हुन नसकेको पाइएको छ। सो सम्बन्धमा नेपाल सरकारको ध्यानाकर्षण समेत गराई सकिएको छ। रिट निवेदनमा यस आयोगको कुन कार्यबाट असर परी विपक्षी बनाउनु परेको हो, कहिंकतै खुलेको छैन साथै आयोगका विरुद्ध कुनै आदेश समेत माग नगरिएको अवस्थामा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ।

**विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ**

नेपाल सरकार, मन्त्रिपरिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय संविधान तथा प्रचलित नेपाल कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानुन प्रदत्त हक, अधिकारहरुको सम्मान, संरक्षण र सम्बर्द्धन गर्दै उपभोगको सुनिश्चितता प्रदान गर्ने कुरामा कटिबद्ध रहेको छ। जहाँसम्म चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान बीर अस्पतालले अस्पतालको परिसर भित्र अत्यधिक भाडा दर तोकी निजी औषधी पसलहरु सञ्चालन गराउन बोलपत्र गरी सूचना प्रकाशन गरेको भन्ने विषय छ सो सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषदबाट कुनै निर्णय वा काम कारवाही भएको नहुँदा मन्त्रिपरिषदलाई विपक्षी बनाउन मिल्ने देखिँदैन।

जहाँसम्म केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिलाई समेत विपक्षी बनाइएको छ मुख्य सचिवको अध्यक्षतामा गठित केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति उपभोक्ताको हक अधिकारको संरक्षणको लागि संवेदनशील रही आवश्यक निर्णय समेत गरी कार्यान्वयनको लागि पठाईसकेको अवस्थामा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिलाई विपक्षी कायम गर्न मिल्ने हुँदैन। प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ।

**विपक्षी स्वास्थ्य सेवा विभागको लिखित जवाफ**

प्रस्तुत रिट निवेदनमा उल्लेख भए बमोजिम यस विभाग अन्तर्गत सरोकार रहेको विषय सरकारले निशुल्क घोषणा गरिएका औषधिहरु अस्पतालहरुमा पर्याप्त आपूर्ति व्यवस्था सुनिश्चित गरि सबै अस्पतालका फार्मेसीहरुबाट बितरणको व्यवस्था मिलाउनु भन्ने सम्बन्धमा

नेपाल सरकारबाट निशुल्क रुपमा उपलब्ध गराउने भनी घोषणा गरिएका औषधिहरु अविलम्व सम्बन्धित अस्पताल र निकायहरुमा आपूर्ति गर्नको लागि यस विभागबाट खरिद प्रक्रिया सञ्चालन भइसकेको र उक्त औषधिको लागि कानूनको निर्धारित विधि र प्रक्रिया पूरा गरी खरिद सम्झौता हुन र आपूर्ति हुन लगभग अरु तिन चार महिना लाग्ने भएको हुँदा उक्त औषधीहरु आपूर्ति हुन लाग्ने उक्त समयलाई ख्याल गरी सम्बन्धित अस्पताल र निकायहरुमा उक्त औषधिहरु अभाव हुन नदिन र आपूर्ति गर्नको लागि बजेट बिनियोजन गरिएको हुँदा सर्वसाधारण नागरिकको स्वास्थ्यको ख्याल राख्दै यस विभागले आफूलाई तोकिएको काम कारबाही गरिरहेकोले प्रस्तुत रिट निवेदन खारेजभागी छ।

**विपक्षी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,औषधी व्यवस्था विभागको लिखित जवाफ**

राष्ट्रिय स्वास्थ्य नीति, २०७१ को बुँदा नं. ७.१.१४ मा अस्पतालहरुले आफ्नै स्वामित्वको फार्मेसी मार्फत सेवा दिने व्यवस्था मिलाइने छ भन्ने व्यवस्था भएको र अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७० को प्रस्तावना तथा बुँदा नं. १० मा बजार मूल्यभन्दा अस्पतालले बिक्री गर्ने मूल्य कम हुनुपर्छ भन्ने व्यवस्था तथा स्वास्थ्य संस्था स्थापना स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० को दफा १६ (९) बमोजिम अस्पताल हाताभित्र फार्मेसी सेवा निर्देशिका, २०७० बमोजिम गर्नुपर्ने भन्ने प्रावधान भएको सर्वविदितै रहेको व्यहोरा सम्मानित अदालत समक्ष अनुरोध छ।

चिकित्सा विज्ञान प्रतिष्ठान बीर अस्पतालले सटर कोठा भाडा सम्बन्धी बोलपत्र आब्हान गरी मिति २०७२।०२।०७ मा सूचना प्रकाशित गरी सटर नं. १ देखि १४ नं. का सटर र ओपिडि भवन तलको कोठा १ गरी १५ वटा कोठाहरुलाई भाडामा दिने सम्बन्धी सूचना प्रकाशित गरेको भन्ने तर्फ यस विभागको कुनै पनि सरोकार नरहेको र प्रचलित औषधी सम्बन्धी कानून बमोजिम यस विभागले  समय समयमा नेपालका सम्पूर्ण जिल्लाहरुमा अनुगमन गरी प्रचलित कानून विपरित भएको पाईएमा कारवाही गर्दै आइरहेकोले प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ।

**विपक्षी वाणिज्य तथा आपुर्ती व्यवस्थापन विभागको लिखित जवाफ**

विर अस्पतालले सटर भाडामा दिदा वोलपत्र आव्हान गरी उपभोक्ताको हितको लागि कानूनी प्रकृया पुऱ्याएको निवेदककै निवेदनवाट खुल्न आएकाले निवेदनले उल्लेख गरे अनुसार ठगी भयो भन्न मिल्ने अवस्था देखिदैन। त्यसैगरी सटर भाडामा दिएकै कारण

सुशासनको अभाव भयो, अनुगमन नियमन भएन, गुणस्तरहीन सामान विक्री भयो भन्ने विपक्षीको भनाई तर्क संगत देखिन आएन।

विपक्षीले औषधी विक्री गर्दा ठगी भयो, कालोवजारी भयो, चर्को मूल्य भयो, गुणस्तरहीन औषधी भयो भनी उल्लेख गर्नुभएको छ। सो कुरा सटर भाडासंग सम्वन्धित नै देखिदैन। किनभने उल्लेखित कुराहरु नियमन गर्ने छुटै ऐन कानूनहरु मौजुद छन। उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६(१) अनुसार उपभोक्ताको सम्पत्तिमा हानी पुऱ्याउने गरी हुने सेवाको विक्री वितरणवाट सुरक्षित हुन पाउने अधिकार र अनुचित व्यापारिक कृयाकलाप र मुल्य वारे सूसुचित र संरक्षित हुन पाउने उपभोक्ताको अधिकार प्रति वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग सदा सचेत छ। अतः रिट निवेदन खारेज भागी छ। खारेज गरी पाँउ।

**<u>विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफ</u>**

नेपाल सरकारले सम्पूर्ण सरकारी स्वास्थ्य संस्थामा आफ्नो फार्मेसी राख्ने नीति बमोजिम सवै अस्पतालमा तदनुरुप व्यवस्था शुरु गरिसकेको हुँदा सोही बमोजिम निवेदकको माग सम्बोधन हुने हुँदा निवेदन जिकिर खारेज भागी छ। नेपाल सरकारको नीति बमोजिमका निशुल्क औषधी सवै स्वास्थ्य संस्थाबाट उपलव्ध गराई रहेको र त्यस्ता औषधी क्रमशः थप गर्दै अन्ततगोत्वा स्वास्थ्य विमा मार्फत स्वास्थ्य सेवा सञ्चालन गर्ने काम समेत शुरु गरिसकेको सन्दर्भमा निवेदकका सवै दावी खारेज भागी छ खारेज गरी पाँउ।

**<u>यस अदालतको अन्तरिम आदेश</u>**

यसमा राष्ट्रिय स्वास्थ निति, २०७१ को रणनीति अन्तर्गत १.१४ मा अस्पतालले आफनै स्वामित्वको फार्मेसी मार्फत सेवा दिनपर्ने व्यवस्था भएको देखिन्छ। अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७० को प्रस्तावनावाट पनि अस्पतालकै आफ्नो फार्मेसी हुनु पर्ने उद्देश्य रहेको देखिन्छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७०।७।२५ को आ.व.२०७०।०७१ च.नं.२/५१७ को परिपत्रवाट अस्पतालले आफनै फार्मेसी राख्नु पर्ने भन्ने देखिएको छ। तर अस्पतालहरुमा वाहिरी व्यापारिक फार्मेसीहरुलाई भाडामा दिई महँगो मूल्यको मारमा जनसाधारणहरु पर्न गएको तथ्य रिट निवेदकले औषधी खरिद गरेको रसिदको आधारवाट जिकिर लिएको पाईयो। पुनः मिति २०७२।२।१७ को वोलपत्र सूचनावाट औषधी पसल ठेक्कामा दिने कार्य हुन गएमा जनसाधारणलाई पर्ने औषधीको महँगो मूल्यको समस्या वढने वा यथावत नै रहने स्थिती हुन पुग्छ। तसर्थ राष्ट्रिय स्वास्थ्य नीति तथा अस्पताल फार्मेसी निर्देशिका अनुरुप विपक्षी अस्पतालले आफनै फार्मेसी राख्नु पर्ने भएको हुँदा, आफनै फार्मेसी राखी सेवा सञ्चालन गराई सरकारवाट घोषित औषधी निशुल्क वितरणको

व्यवस्था नगरेसम्म मिति २०७२।२।७ को टेण्डर सूचना अनुरुप कुनै करार वा टेण्डर गरी वा मिति २०७२।४।१ देखि कुनै तरिकाले अरुको फार्मेसी अस्पतालको परिसरभित्र नराख्नु वा राख्न नलगाउनु भनी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल, महावौद्यको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ।

साथै प्रत्यर्थी स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको हकमा पनि राष्ट्रिय नीति तथा अस्पताल फार्मेसी निर्देशिका तथा मन्त्रालयको मिति २०७०।७।२५ को परिपत्र अनुसार तत्काललाई यो निवेदनको टुङ्गो नलागेसम्मको लागि सवै अस्पतालहरुमा अस्पतालवाट फार्मेसी सेवा सञ्चालन गराई सरकारवाट घोषित निशुल्क औषधि सवै अस्पतालहरुबाट वितरणको व्यवस्था नगरेसम्म कुनै पनि बाहिरी व्यक्तिलाई भाडा वा ठेक्कामा फार्मेसी आफनो हाताभित्र खोल्न दिने काम नगर्नु नगराउनु भन्ने समेतको अन्तरिम आदेश जारी गरिदिएको छ।सोको सूचना विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नु भनी मिति २०७२।३।१३।१ को यस अदालतको आदेश।

<u>कानून व्यवसायीहरुको वहस जिकिर</u>

नियम बमोजिम पेशी सुचीमा चढी निर्णयको लागी यस इजलासमा पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ताहरु श्री ज्योती बाँनिया, श्री चन्द्र सिवाकोटी र श्री कुमारी खरेलले विपक्षी चिकित्सा विज्ञान प्रतिष्ठान अस्पतालले सटर भाडा सम्बन्धी सुचना प्रकाशन गरी निजी औषधी पसल सञ्चालन गर्नको लागी प्रतिष्पर्धा गराउने कार्यले अस्पताल आफुले औषधी पसल सञ्चालन नगर्ने र विरामीलाई औषधी उपलव्धताको लागी निजि औषधी पसलहरुलाई अस्पताल परिसर भित्र प्रवेश गराउने अवस्था सृजना भएको छ।विर अस्पतालको यस कार्य राष्ट्रिय स्वास्थ्य नीति,२०७१, अस्पताल फार्मेसी निर्देशिका,२०७०,स्वास्थ्य संस्था स्थापना स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका,२०७० को विपरित छ।विर अस्पतालले फार्मेसी सेवा सञ्चालन गर्नको लागी फर्निचर कम्प्युटर सहितको आवश्यक पुर्वाधारको लागी खर्च गरिसकेको अवस्थामा हाल फार्मेसी सञ्चालन गर्नको लागी टेण्डर आव्हान गर्नुपर्ने कुनै कारण छैन।अतः विपक्षी विर अस्पतालले मिति २०७२।२।७ मा प्रकाशन गरेको वोलपत्र सम्बन्धी सुचना वदर गरी निवेदन माग बमोजिमको आदेश जारी गर्नु पर्छ भनी वहस गर्नु भयो।

त्यसैगरी विपक्षी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, विर अस्पतालको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री पूर्णिमा गुरागाईले प्रतिष्ठानले मिति २०६९ सालमानै फार्मेसी सेवा सञ्चालन निर्देशिका,२०६९ को मस्यौदा समेत तयार पारेको थियो भने अस्पताल हाताभित्र

आफ्नै फार्मेसी सेवा २४ सै घण्टा सञ्चालन गर्न आवश्यक जनशक्तिको समेत सेवा करारमा लिने सम्वन्धी कार्य पुरा भैसकेको अवस्था छ। औपधी खरिद गर्ने रकम नभएको कारणले मात्र फार्मेसी सञ्चालन गर्न नसकिएको हो। रिट निवेदन खारेज हुनुपर्छ भनी वहस गर्नुभयो।

त्यसैगरी अन्य विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान सहन्यायधिवक्ता श्री श्याम कुमार भट्टराईले औषधीको विक्रि वितरणलाई व्यवस्थित र नियमित बनाउनको लागी सरकारले विभिन्न आदेश, निर्देशिका तथा नीतिहरु जारी गरेको अवस्था छ। विर अस्पतालले औषधी पसलको सञ्चालन गर्नको लागी सटर भाडामा दिने सम्बन्धमा गरेको वोलपत्र आव्हानको हकमा नेपाल सरकार तथा यस अन्तर्गतका मन्त्रालय र विभागहरुको कुनै सरोकार रहेको छैन भने सरकारले समय समयमा नेपालका सम्पुर्ण जिल्लाहरुमा अनुमगन गरी प्रचलित कानून विपरित भएमा कारवाही समेत गरिआएको छ। नागरिकहरुलाई सुलभ रुपमा गुणस्तरिय औषधी वितरण गर्न नेपाल सरकार प्रतिवद्ध रहेको हुँदा निवेदकको माग बमोजिमको आदेश जारी गर्नुपर्ने होइन भनी वहस गर्नु भयो।

**यस अदालतको ठहर**

उपरोक्त तथ्य र वहस जिकिर रहेको प्रस्तुत रिट निवेदन साथ संलग्न मिसिल कागजातको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा विपक्षी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अस्पताल(यस पछि विर अस्पताल भनिएको) सरकारी स्वमित्वको अस्पताल भएतापनि मिति २०७२।२।७ मा सुचना प्रकाशन गरी औषधी पसल सञ्चालन गर्नको लागी सटर भाडामा दिने प्रयोजनको लागी वोलपत्र आव्हान गरेकोले अस्पतालको उक्त कार्यले नागरिकहरु सरकारबाट व्यवस्था भएका निशुल्क औषधी सम्बन्धी सेवा सुविधा अस्पतालबाट पाउन वञ्चित हुनुपरेको तथा चर्को मुल्यमा औषधी खरिद गर्नुपरेकोले नागरिकको संविधानले प्रदत्त गरेको स्वास्थ्य सम्बन्धी अधिकारको हनन हुनुको साथै विर अस्पतालको सटर भाडामा दिने यस कार्य राष्ट्रिय स्वास्थ्य नीति, २०७१, स्वास्थ्य संस्था स्थापना स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७० र अस्पताल फार्मेसी निर्देशिका, २०७० को विपरीत समेत रहेकोले सटरहरु भाडामा दिने सम्बन्धमा भएका सम्पुर्ण कार्यहरु उत्प्रेषणको आदेशले वदर गरी अस्पताल हाताभित्र निजी औषधी पसलहरु सञ्चालन हुन नदिनको लागी उपयुक्त आदेश जारी गरी पाँउ भन्ने मुख्य निवेदन माग रहेको देखिन्छ। त्यसैगरी विपक्षीहरुको लिखित जवाफको अध्ययन गरी हेर्दा नागरिकहरुलाई सुलभ र सहज तरिकाबाट औषधीको सेवा उपलव्ध गराउन सरकार प्रतिवद्ध छ। विर अस्पतालले आफ्नो हाताभित्रै आफैले औषधी पसल सञ्चालन गर्नको लागी आवश्यक जनशक्ति सेवा करारमा लिने कार्य पुरा भैसकेको छ –

भने औषधी खरिद गर्ने रकम नभएको कारणले फार्मेसी सञ्चालन गर्न नसकिएको हो भनी जिकिर लिएको देखिन्छ। उपरोक्त तथ्य र वहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरुको सम्बन्धमा निर्णय गर्नु पर्ने देखियो।

१) विर अस्पतालको कम्पाउन्ड हाताभित्र रहेका सटरहरु निजी औषधी पसलहरुलाई भाडामा दिने कार्य नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारको प्रतिकुल तथा राष्ट्रिय स्वास्थ्य नीति,२०७१, स्वास्थ्य संस्था स्थापना स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका,२०७० र अस्पताल फार्मेसी निर्देशिका,२०७० को विपरित छ वा छैन?

२) निवेदकको माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन?

विर अस्पतालको कम्पाउन्ड हाताभित्र रहेका सटरहरु निजी औषधी पसलहरुलाई भाडामा दिने कार्य नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारको प्रतिकुल तथा राष्ट्रिय स्वास्थ्य नीति,२०७१, स्वास्थ्य संस्था स्थापना स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका,२०७० र अस्पताल फार्मेसी निर्देशिका,२०७० को विपरित छ वा छैन भन्ने पहिलो प्रश्नको सम्वन्धमा विचार गर्नुपूर्व विपक्षी विर अस्पताल सरकारी स्वामित्वमा रहेको अस्पताल भएकोले नागरिकलाई सरल र सहज रुपमा औषधीको विक्रि वितरण गर्न राज्यको के कस्तो दायित्व रहेको हुन्छ तथा यसले नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारमा कस्तो प्रभाव पार्छ भन्ने सैद्धान्तिक प्रश्नको संक्षिप्त विवेचना गर्नु बाञ्छनिय हुने देखिन्छ।

नागरिकलाई सर्वसुलभ रुपमा औषधीको विक्रि वितरण गर्ने कार्य नागरिकको स्वास्थ्य सम्बन्धी अधिकार सँग अन्योन्याश्रित रुपमा जोडिएको विषय हो। स्वस्थ भएर बाँच्न पाउनु हरेक मानिसको नैसर्गिक हक हो र हाम्रो सन्दर्भमा हेर्दा स्वास्थ्य सम्बन्धी अधिकारलाई संविधानले नै मौलिक हकको रुपमा व्यवस्था गरेको छ। प्रस्तुत रिट निवेदन दायर हुँदाको समयमा विद्यमान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(२)ले प्रत्येक नागरिकलाई राज्यवाट कानूनमा व्यवस्था भए बमोजिम आधारभुत स्वास्थ्य सेवा निःशुल्क रुपमा पाउने हक हुनेछ भनी व्यवस्था गरेकोमा हाल विद्यमान नेपालको संविधानले यस सम्बन्धमा विस्तृत रुपमा थप व्यवस्था गर्दै धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन,प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ,प्रत्येक नागरिकलाई स्वास्थ्य

सेवामा समान पहुँचको हक हुनेछ तथा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने व्यवस्था गरेको छ। त्यसैगरी विभिन्न अन्तराष्ट्रिय मानव अधिकार कानूनले पनि व्यक्तिको स्वास्थ्य सम्बन्धी अधिकारलाई मानव अधिकारको रुपमा व्यवस्था गरेका छन्। मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र,१९४८ ले स्वास्थ्य सम्बन्धी अधिकारको सम्बन्धमा अलग व्यवस्था नगरेको भएतापनि धारा २५(१)मा प्रत्येक व्यक्तिलाई आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागी खाद्यान्न,कपडा,आवास र औषधोपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरु प्राप्त गर्ने अधिकार रहेको हुन्छ भन्ने व्यवस्था गरेको छ भने आर्थिक,सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र,१९६६ मा यस सम्बन्धमा केही विस्तृत व्यवस्था गर्दै धारा १२(१) मा प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रत्येक व्यक्तिको शारिरिक र मानसिक स्वास्थ्यको उच्चतम प्राप्य स्तरको उपभोग गर्ने अधिकार स्विकार गर्दछन् भनी उल्लेख गरिएको छ। यसरी नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारलाई विभिन्न अन्तराष्ट्रिय कानून तथा नेपालको संविधानले समेत आधारभुत मौलिक हकको रुपमा व्यवस्था गरेको छ।

स्वास्थ्य सम्बन्धी अधिकार नागरिकहरु सकेसम्म बढी स्वस्थ रहन सक्ने वातावरणको प्रत्याभुती हो जस अन्तर्गत स्वास्थ्य सम्बन्धी स्वतन्त्रता(Freedom) र स्वास्थ्य सम्बन्धी हक वा दावी(Entitlement) दुवै पर्दछ।[1] औषधीमा नागरिकको पहुँचको विषय स्वास्थ्य सम्बन्धी हक वा दावीको विषय हो। अर्को शव्दमा भन्दा सहज र सर्वसुलभ रुपमा नागरिकले गुणस्तरिय औषधी पाउनु पर्छ भन्ने विषय स्वास्थ्य सम्बन्धी अधिकार अन्तर्गत नागरिकको हक हो। रोगको नियन्त्रण,रोकथाम र उपचार गरी मानव जिवनलाई स्वस्थ राख्नको लागी औषधीको महत्वपुर्ण भुमिका हुने भएकोले औषधीमा नागरिकको पहुँचको अधिकार स्वास्थ्य सम्बन्धी अधिकारकै एउटा अभिन्न पाटो (Facet) हो। यसै सम्बन्धमा संयुक्त राष्ट्र संघको आर्थिक, सामाजिक तथा साँस्कृतिक समितिले सन् २००० मा जारी गरेको टिप्पणी नं १४ मा स्वास्थ्य सम्बन्धी अधिकारको व्याख्या गर्दै स्वास्थ्य सम्बन्धी अधिकारका विभिन्न आयामहरु हुने जसमध्ये स्वास्थ्य संस्थाहरुबाट उपलव्ध सार्वजनिक र स्वास्थ्य हेरचाह सेवा, वस्तु तथा सेवाहरुको साथै कार्यक्रमहरु पर्याप्त मात्रामा उपलव्ध हुनुपर्ने, स्वास्थ्य सुविधा, वस्तु तथा सेवाहरु सवैलाई विना भेदभाव

[1] संयुक्त राष्ट्रसंघको आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार समितीले आफ्नो टिप्पणी नं १४ ( General Comment no. 14) मा स्वास्थ्य सम्बन्धी अधिकारको व्याख्या गर्दै स्वास्थ्य सम्बन्धी अधिकारले स्वास्थ्य सम्बन्धी स्वतन्त्रता ( Freedom) र स्वास्थ्य सम्बन्धी हक वा दावी ( Entitlement) दुवैलाई समेट्छ भनी व्याख्या गरेको छ।

उपलव्ध हुनुपर्ने, स्वास्थ्य सेवा सुविधाहरु वैज्ञानिक तथा स्वास्थ्य को दृष्टिकोणले उपयुक्त र गुणस्तरिय हुनुपर्ने, दक्ष जनशक्ति उपलव्ध हुनुपर्ने, वैज्ञानिक रुपमा प्रमाणित तथा म्याद नसिद्धिएका औषधी तथा उपकरणहरु हुनुपर्ने लगायतका विषयहरुलाई उल्लेख गरेको छ। औषधीमा नागरिकको पहुँचको विषय स्वास्थ्य सम्बन्धी अधिकारकै एउटा अङ्ग हो भनी विभिन्न देशको अदालतले समेत व्याख्या गरेको पाइन्छ। उदाहरणको लागी दक्षिण अफ्रिकाको संवैधानिक अदालतले Minister of Health vs. Treatment Action Campaign[2] भएको मुद्दामा औषधीमा नागरिकको पहुँचको विषय नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारको एक अंश हो भन्ने व्याख्या गर्दै एच.आई.भी.एड्स पीडित आमा बाट वच्चामा सो रोग संक्रमण हुन नदिनको लागी आवश्यक पर्ने Nevirapine नामक औषधी नागरिकलाई सर्वसुलभ रुपमा उपलव्ध गराउनु भनी सरकारलाई आदेश जारी गरेको थियो। यसरी नागरिकको औषधी सम्मको पहुँचको अधिकार नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हककै एउटा पाटो भएकोले नागरिकलाई स्वास्थ्य सम्बन्धी अधिकारको प्रत्याभुत गर्नको लागी राज्यले औषधीको विक्रि वितरणलाई सहज,प्रभावकारी र सर्वसुलभ बनाउनुपर्छ र नागरिकहरुले सर्वसुलभ र प्रभावकारी तवरबाट औषधी प्राप्त गरेका छन् भन् कुराको सुनिश्चितता गर्ने दायित्व राज्यमा रहेको हुन्छ। संविधानलेनै प्रत्याभुत गरेको यस प्रकारको सेवा सुविधा प्रदान गर्ने क्रममा कुनै पनि प्रकारको एकाधिकारवाद, नाफाखोरी वा अन्य प्रकारको अस्वस्थ प्रतिष्पर्धा कायम गरिन्छ भने त्यस्तो अभ्यास संविधान विपरित त हुन्छनै संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको चरित्रको समेत विपरित हुन्छ। अतः औषधी जस्तो नागरिकको स्वास्थ्य सम्बन्धी अधिकार सँग प्रत्यक्ष जोडिएको वस्तुको विक्रि वितरणमा राज्यले पर्याप्त सावधानी अपनाउनु पर्छ र यस सम्बन्धमा राज्यका क्रियाकलापहरु पूर्ण रुपमा जनहित र लोककल्याणमा आधारित हुनुपर्छ।

उपरोक्त सैद्धान्तिक कोणबाट अव विर अस्पतालको कम्पाउन्ड हाताभित्र रहेका सटरहरु निजी औषधी पसलहरुलाई भाडामा दिने कार्य नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारको प्रतिकुल तथा राष्ट्रिय स्वास्थ्य नीति,२०७१, स्वास्थ्य संस्था स्थापना स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका,२०७० र अस्पताल फार्मेसी निर्देशिका,२०७० को विपरीत छ वा छैन भन्ने पहिलो प्रश्नको सम्बन्धमा विचार गरौं। रिट निवेदकले निवेदनमा विर अस्पतालले निजी औषधी पसललाई सटर भाडामा दिने कार्य गर्नाले सर्वसाधारण नागरिकले

[2] Minister of Health v Treatment Action Campaign (TAC) (2002) 5 SA 721 (CC) Case decided on 5 July 2002.

चर्को मुल्यमा औषधी खरिद गर्नु परेको कुरालाई प्रमुखताको साथ उठाएको देखिन्छ। निवेदकले उक्त जिकिरलाई पुष्टि गर्नको लागी विर अस्पतालको परिसर भित्र ओपिडी भवन तल निजी क्षेत्रबाट सञ्चालित फार्मेसी तथा मनमोहन कार्डियोथेरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्टेसन सेन्टर महाराजगंजले अस्पताल हाताभित्र अस्पताल आफैले सञ्चालन गरेको फार्मेसीले विक्रि गरेको औषधीको मुल्य तुलना गर्दै तुलनात्मक तालिका तथा उक्त स्थानमा खरिद गरेको औषधीको रसिद समेत मिसिल साथ संलग्न गरेको देखिन्छ। निवेदकले उल्लेख गरेको उक्त तालिका हेर्दा Atorvastatin 10 mg नामक औषधीको मुल्यमा ९१.५% सम्म मुल्य फरक परेको अवस्था देखिन्छ भने अन्य औषधीहरुको मुल्यमा पनि ठुलो अन्तर रहेको देखिन्छ। जसबाट एकै खालको औषधी एउटै जिल्ला भित्र विक्रि वितरण गर्दा समेत अस्पताल आफैले विक्रि गर्दा थोरै मुल्य पर्ने र निजी औषधी पसलले विक्रि गर्दा चर्को मुल्य पर्न जाने देखियो। यसरी अस्पताल आफैले औषधी पसल सञ्चालन नगरी निजी औषधी पसललाई भाडामा दिने कार्यले नागरिकहरुले अनाहकमा चर्को मुल्य तिर्नु पर्ने वाध्यता सृजना भएको देखिन्छ।

औषधीको मुल्यले नागरिकको औषधी सम्मको पहुँचको अवस्थालाई प्रभाव पार्छ। औषधी सम्म नागरिकको पहुँचको तात्पर्य औषधी उपलव्ध हुनु मात्र होइन। उपलव्ध भएका औषधी नागरिकले खरिद गर्न सक्छन् वा सक्दैनन् तथा औषधी खरिद गर्दा कुनै अतिरिक्त मुल्य नागरिकले व्यहोर्नु पर्छ वा पर्दैन भन्ने प्रश्नको सापेक्षतामा नागरिकको औषधी सम्मको पहुँचको अवस्थालाई हेरिनु पर्ने हुन्छ। प्रभावकारी उपचारको लागी सही औषधी, सही मात्रामा, सही तरिकाले,सही अवधिभित्र,सही मूल्यमा सेवन/प्रयोग गर्न आवश्यक हुन्छ। अझ हाम्रो जस्तो मुलुक जहाँ जनसंख्याको ठुलो हिस्सा गरिवीको रेखामुनी रहेको छ त्यहाँ त औषधीको मुल्यले यसको उपलव्धतालाई अझ बढि प्राभाव पार्छ। औषधी पसल सञ्चालन गर्नको लागी अस्पताल आफैसँग जग्गा र भवन हुने तर अस्पताल आफैले औषधी पसल सञ्चालन नगरी निजी औषधी पसल सञ्चालन गर्न दिएको कारणले नागरिकहरुले थप व्यय भार व्यहोर्नु परी चर्को मुल्यमा औषधी खरिद गर्नुपर्ने परिस्थितीको सृजना हुन्छ भने यो कार्य नागरिकको स्वास्थ्य सम्बन्धी हकको विपरित नै हुन जान्छ। त्यसैगरी अस्पताल आफैले फार्मेसी सेवा सञ्चालन नगर्दा सरकारले नागरिकहरुलाई निशुल्क वितरण गर्ने औषधीहरु समेत नागरिकले प्राप्त गर्ने सुनिश्चितता रहदैन। सरकारले निशुल्क गर्ने भनिएका औषधीहरुको वितरण सरकारी निकायबाट नै गरिनुपर्छ। नागरिकलाई निशुल्क वितरण गर्ने भनी सरकारले खरिद गरेका औषधीहरु

केवल निजि औषधी पसलमा मात्र पाउन सकिने अवस्था सिर्जना हुन्छ भने नागिरकले ति औषधीहरु निशुल्कनै प्राप्त गरे भनी विश्वस्त हुन सकिने अवस्था रहदैन।

विपक्षी विर अस्पतालले पेश गरेको लिखित जवाफमा अस्पतालले २४ घण्टानै फार्मेसी सेवा सञ्चालन गर्नको लागी जनशक्ति करारमा लिने काम भैसकेको तर औषधी खरिद गर्नको लागी आवश्यक रकमको अभावमा फार्मेसी सेवा सञ्चालन गर्न नसकिएको भन्ने जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा विचार गर्दा संविधानले आधारभुत स्वास्थ्य सेवा निशुल्क प्राप्त हुनेछ भनी व्यवस्था गरेकोमा आर्थिक स्रोतको अभाव देखाई स्वास्थ्य सेवा जस्तो नागरिकको मौलिक हकको विषयबाट राज्य पन्छिन मिल्दैन। स्वास्थ्य सम्बन्धी अधिकार अन्तर्गतको नागरिकको औषधी सम्म पहुँचको अधिकार सकरात्मक प्रकृतीको अधिकार( Positive rights) हो जसको कार्यान्वयन गर्नको लागी राज्यले निश्चित कार्यहरु (Action) गर्नुपर्छ। नकरात्मक प्रकृतिको अधिकारको (Negative Rights) कार्यान्वयनमा राज्यको अहस्तक्षेपनै पर्याप्त हुन्छ। उदाहरणको लागी नागरिकको स्वतन्त्रताको अधिकारको प्रत्याभुत गर्नको लागी राज्यले नागरिकको स्वतन्त्रतामा हस्तक्षेप नगर्दा पुग्छ तर सकरात्मक प्रकृतीको अधिकार कार्यान्वयनको लागी आवश्यक र उपयुक्त कदमहरु चाल्नुपर्छ। स्वास्थ्य सम्बन्धी अधिकार नागरिकलाई प्रदान गर्नुको अर्थ त्यसको प्रत्याभुत गर्ने कर्तव्य राज्यमा रहेको हुन्छ र राज्यले आफुसँग उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी सम्पुर्ण समुचित उपायहरु अपनाई यो अधिकारलाई व्यवहारिक रुपमा कार्यन्वयन गर्दै जाने गरी कदमहरु चाल्नु पर्छ। संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेका अधिकारहरु संविधानले नागरिक समक्ष गरेका वाचा हुन् जसको कार्यान्वयन गरी नागरिकलाई सोको प्रत्याभुती दिलाउने दायित्व राज्यको हो। विर अस्पताल सँग जति रकम तत्काल उपलब्ध छ सोको आधारमा सेवा सञ्चालन गर्नुपर्छ र आवश्यक रकमको लागी सरकारसँग समन्वय गरी व्यवस्था गर्नुपर्छ। रकमको अभाव देखाई औषधीको वितरण जस्तो जनसाधारणको स्वास्थ्य सम्बन्धी हक जोडिएको विषयमा विर अस्पताल जस्तो सरकारी निकायले जिम्मेवारी बाट पन्छन मिल्ने देखिएन। अतः औषधी किन्ने रकमको अभावमा विर अस्पतालले २४ घण्टानै फार्मेसी सेवा दिन नसकेको भन्ने जिकिर सँग यो इजलास सहमत हुन सकेन।

विर अस्पताल जस्तो सरकारी अस्पतालले आफुले औषधी पसल सञ्चालन नगरी निजी औषधी पसल सञ्चालन गर्न दिदा नागरिकको स्वास्थ्य सँग सम्बन्धित अन्य पक्षहरुमा समेत नकरात्मक असर पर्न जाने देखिन्छ। फार्मेसी सेवा अस्पताल सेवाकै एक

अभिन्न अङ्ग हो। अस्पताल नजिक फार्मेसी सञ्चालन गरिनुले मात्र अस्पतालले फार्मेसी सेवा दिएको भनि मान्न मिल्दैन। त्यसरी सञ्चालन गरिने औषधी पसलहरुमा दक्ष जनशक्तिको व्यवस्था हुनुपर्छ भने अस्पतालको इमर्जेन्सी सेवा जस्तै २४ घण्टा नै खुल्ला हुनुपर्ने तथा औषधीको आपुर्ती, मुल्य, गुणस्तर र नापतौलमा अन्यथा भएको छैन भन्ने सुनिश्चितता अस्पतालले दिन सक्नु पर्छ। अस्पतालको परिसर भित्र निजी औषधी पसल सञ्चालन गर्दा यसको व्यवस्थापनको जिम्मेवारी पनि निजी औषधी विक्रेताले नै पाउने हुन्छ जसले गर्दा अस्पतालले नागरिकलाई गुणस्तरिय स्वास्थ्य सेवा दिनको लागी आवश्यक पर्ने यस प्रकारका मापदण्डहरु पुरा हुन्छन् भन्ने कुराको सुनिश्चितता हुन सक्दैन। अस्पतालले आफ्नो परिसर भित्रका सटरहरु भाडामा दिई निजी औषधी विक्रेतालाई पसल खोल्न दिदा अस्पताल व्यवस्थापनलाई केही आम्दानी त होला तर स्वास्थ्य सेवा जस्तो नागरिकको मौलिक हक सँग सम्झौता गरि गरिने यस्ता क्रियाकलापहरु लोककल्याणकारी राज्यको अवधारणाको समेत विपरित हुन्छ।

औषधी सेवा नागरिकको स्वास्थ्य सम्बन्धी अधिकारकै एउटा पाटो भएकोले यसको विक्रि वितरणलाई सहज र प्रभावकारी बनाउनको लागी नेपाल सरकारले के कस्तो नीतिगत व्यवस्था गरेको छ र विर अस्पतालले आफ्नो परिसर भित्र निजी औषधी पसल सञ्चालन गर्नको लागी सटर भाडामा दिने कार्यले नेपाल सरकारले अवलम्वन गरेको नीतीको उल्लघंन हुन्छ वा हुदैन भन्ने सम्बन्धमा विचार गरौ। स्वास्थ्य सेवाको सम्वन्धमा नेपाल सरकारले जारी गरेको राष्ट्रिय स्वास्थ्य नीति २०७१ को रणनीति नं १.१४ मा अस्पतालहरुको आफ्नै स्वामित्वको फार्मेसी सेवा दिने र औषधी वितरणमा योग्यता प्राप्त फार्मेसी जनशक्ति मार्फत् विरामीहरुलाई औषधी वितरण गर्ने व्यवस्था मिलाइनेछ भन्ने उल्लेख गरेको देखिन्छ। जसबाट नेपाल सरकारको मुल स्वास्थ्य नीतिमै अस्पतालहरुको आफ्नै स्वामित्वको फार्मेसी हुने कुरालाई परिकल्पना गरेको देखिन्छ। त्यसैगरी अस्पताल फार्मेसी सेवा निर्देशिका २०७० को प्रस्तावनामा *...रोगको पहिचान भएपछि अधिकांश अस्पतालमा आफ्नै फार्मेसी नभएको कारणले विरामिले प्रेस्क्रिप्सनमा लेखिएको औषधि तथा औषधिजन्य सामग्री अस्पताल बाहिरको औषधी पसलबाट किन्नु पर्ने अवस्था हुन्छ।... अस्पतालकै फार्मेसीबाट औषधी तथा औषधीजन्य सामग्री विक्रि गर्दाके अवस्थामा औषधी तथा औषधीजन्य सामग्रि अगाडी राखी विरामीलाई सोको सेवन/प्रयोग विधि र अन्य आवश्यक जानकारी दिंदा औषधि तथा औषधिजन्य सामग्रीको सही मात्रा सही किसिमले प्रयोग गर्न सघाउ पुग्दछ।...* भन्ने उल्लेख भएको छ। यसरी

बिरामीहरुलाई सुलभ,प्रभावकारी एवं गुणस्तरिय सेवा पुऱ्याउने ध्येयले जारी गरिएको अस्पताल फार्मेसी सेवा निर्देशिका २०७० को प्रस्तावनामानै अस्पतालको आफ्नै फार्मेसी सेवा हुने कुरालाई उल्लेख गरेको देखिन्छ भने उक्त निर्देशिकामा फार्मेसी सञ्चालन गर्नको लागी आवश्यक पर्ने भौतिक पुर्वाधार तथा फार्मेसीमा गरिनुपर्ने कार्यहरुको लागी उपयुक्त ठाँउ लगायतका मापदण्डहरुको सम्वन्धमा समेत उल्लेख गरेको देखिन्छ। यसरी अस्पताल फार्मेसी सेवा निर्देशिकाले फार्मेसी सञ्चालनको लागी आवश्यक भौतिक पुर्वाधारको सम्बन्धमा व्यवस्था गरेकोमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०७०।७।२५ मा उक्त निर्देशिकालाई अविलम्व कार्यान्वयन गराउने र सवै अस्पतालहरुले आफ्नै फार्मेसी खोली आफ्नै कर्मचारीहरुबाट उक्त फार्मेसी सञ्चालन गर्न व्यवस्था गर्न भनी परिपत्र समेत जारी गरेको देखिन्छ। यसको अतिरिक्त स्वास्थ्य संस्था स्थापना स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७० को दफा १६(९)ले अस्पताल हाताभित्र औषधि पसलको व्यवस्था अस्पताल फार्मेसी सेवा निर्देशिका,२०७० बमोजिम गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ।

यसरी अस्पतालको आफ्नै फार्मेसी हुने र अस्पतालकै जनशक्तिले उक्त फार्मेसीको सञ्चालन गर्ने भन्ने नेपाल सरकारको स्पस्ट नीति रहेको देखिन्छ। उक्त नीति बमोजिम अस्पतालले आफै फार्मेसी सञ्चालन गर्नु भनी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य संस्थाहरुमा परिपत्र समेत जारी गरिसकेको परिप्रेक्ष्यमा सो नगरी आफ्नो परिसर भित्र रहेका सटरहरु निजी औषधी पसल सञ्चालन गर्नको लागी भाडामा दिने कार्यलाई कानून बमोजिमको भनी मान्न मिल्ने देखिएन।

अव निवेदकको माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विचार गर्दा माथी विवेचित कारण र आधारमा अस्पताल आफैले औषधी पसल सञ्चालन गर्न दिने कार्यबाट नागरिकहरुले चर्को मुल्यमा औषधी खरिद गर्नुपर्ने तथा दक्ष जनशक्तिबाट गुणस्तरिय औषधी प्राप्त गर्न सक्ने अवस्थाको सुनिश्चितता हुन नसकी संविधानले प्रदान गरेको स्वास्थ्य सम्बन्धी हकमा आघात पुग्ने तथा नेपाल सरकारले अवलम्वन गरेको राष्ट्रिय स्वास्थ्य नीति,२०७१, अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७०, स्वास्थ्य संस्था स्थापना स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका, २०७० तथा नेपाल सरकारले मिति २०७०।७।२५ मा जारी गरेको परिपत्रको समेत विपरित रहेको देखिदा विपक्षी विर अस्पतालले १ देखी १४ नं सटर भाडामा दिने सम्बन्धी मिति २०७२।२।७ को गोरखापत्रमा प्रकाशन गरेको बोलपत्र आव्हान सम्बन्धी सुचना, उक्त

सुचना बमोजिम प्राप्त भएका आवेदनहरु तथा सो उपर भएका आदेश तथा सम्पूर्ण काम कारवाहीहरु उत्प्रेषणको आदेशद्वारा वदर गरिदिएको छ। अब देहाय बमोजिम गर्नु भनी परमादेशको आदेश जारी हुने ठहर्छ।

- राष्ट्रिय स्वास्थ्य नीति,२०७१, अस्पताल फार्मेसी सेवा निर्देशिका,२०७०,स्वास्थ्य संस्था स्थापना स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका,२०७० तथा नेपाल सरकारले मिति २०७०।७।२५ मा जारी गरेको परिपत्रले निर्धारण गरेको मापदण्ड अनुसारको गुणस्तरयुक्त फार्मेसी सेवा विपक्षी विर अस्पताल आफैले सञ्चालन गर्नु।
- सरकारबाट निशुल्क रुपमा वितरण गर्ने भनी घोषणा गरिएका औषधीहरुको आपुर्तीको पर्याप्त व्यवस्था गरी तोकिएको अस्पतालहरुबाट अनिवार्य रुपमा निशुल्क वितरणको विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले व्यवस्था मिलाउनु।
- राष्ट्रिय स्वास्थ्य नीति,२०७१, अस्पताल फार्मेसी सेवा निर्देशिका,२०७०, स्वास्थ्य संस्था स्थापना स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका,२०७० तथा नेपाल सरकाले जारी गरेको परिपत्र बमोजिम देशैभरिका अस्पतालहरुले आफै फार्मेसी सेवा प्रदान गरेका छन् भन्ने कुराको सुनिश्चितताको लागी विपक्षी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुगमन र मुल्याकंनको व्यवस्था मिलाउनु।
- यो आदेशको कार्यान्वयनको लागि आदेशको प्रतिलिपि सहितको जानकारी विपक्षी वीर अस्पताल र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई दिनू।
- यस आदेशको कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्न यस आदेशको प्रतिलिपी फैसला कार्यान्वयन निर्देशनालयमा पठाई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः सन्देश श्रेष्ठ
कम्प्युटर टाईप गर्नेः चन्दनकुमार मण्डल
सम्बत् २०७४ असोज महिना २ गते रोज २ शुमभ् ---------------------------------।